बैठक संख्या: ११९ (एक सय उन्नाइस)
समय: दिनको २:०० बजे

आज मिति २०८२ पौष २४ गते बिहीबारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

## ११९ औं कार्यपालिका बैठक (मिति २०८२ पौष २४ गते) को प्रस्तावनाहरुः

<u>प्रस्तावहरू:</u>

१) विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२) सेवा निवृत्त कर्मचारीले पाउने सेवा सुविधा सम्बन्धमा ।

३) बिदा स्वीकृत सम्बन्धमा ।(सिद्धराज भट्ट)

४) विद्यालय लेखा परिक्षकहरु छनौट सम्बन्धमा ।

५) तुप्चे संग्रहालयको रकम भुक्तानी सम्बन्धमा ।

६) नदीजन्य,खानीजन्य पदार्थको उत्खनन् ठेक्का स्वीकृत सम्बन्धमा ।

७) बट्टार नयाँ दर्शन मण्डली चर्च कम्पाउण्डवाल निर्माणको भुक्तानी सम्बन्धमा ।

८) सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम अन्तर्गत वडा छनौट सम्बन्धमा ।

९) गदीया खोला खानेपानी प्रभावित सहयोग कार्यक्रम कार्यान्वयन (किस्पाङ,मेघाङ्ग)सम्बन्धमा ।

१०) विविध

- क) अनुगमनका लागि खानी तथा भूगर्भ विभागलाई अनुरोध गर्ने सम्बन्धमा।
- ख) आ.व.२०८३।०८४ को आय अनुमान अर्थ मन्त्रालयमा पेश गर्ने सम्बन्धमा।
- ग) शिक्षा समितिको निर्णय अनुमोदन सम्ब्रन्धमा।
- घ) बागेश्वरी महिला भवन निर्माण सम्बन्धमा।
- ङ) स्थानीय भूउपगोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा
- च) जग्गा प्राप्ति सम्बन्धमा ।

निर्णयहरुः

१. नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२. यस कार्यालय अन्तरगत वडा नं. ९ मा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी श्री रामकुमार गिरीले मिति २०८२।०८।०१ देखि लागू हुने गरी राजीनामा दिनु भएकोले निजले वागमती प्रदेशसभाबाट स्वीकृत कानून स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा, अनुसार पाउने संचित घर विदा १८० दिन, विरामी विदा ३३६ दिन,औषधि उपचार खर्च रु. १३ लाख १० हजार ७ सय ७ रुपैयाँ र उपदान रु.२६ लाख १७ हजार १ सय ७३ समेत गरी पाउनुपर्ने कुल रकम रु.३९ लाख २७ हजार ८ सय ८० रुपैयाँ चालु आर्थिक वर्षको लागि सेवा निवृत सुविधामा विनियोजन भएको रकम रु.१ करोड रुपैयाँ मध्येबाट विनियोजित बजेटको शीर्षक अनुसार रकम निकासा, असुली, प्राप्ति भए अनुसार उपलब्ध बजेटका आधारमा किस्ताबन्दीमा भुक्तानी गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

३. विदुर नगरपालिकाको खड्गभञ्ज्याङ्ग स्वास्थ्य चौकीमा खटाइएका जनस्वास्थ्य निरीक्षक श्री सिद्दराज भट्ट (कर्मचारी संकेत नं.२०६०३७) मिति २०७५।०९।२९ देखि मिति २०८१।०५।२९ सम्म ५ वर्ष ८ महिना अवधिको स्वास्थ्य सेवा नियमावली,२०५५ को नियम ५३ को उपनियम ५ बमोजिम वेतलवी अध्ययन विदा स्वीकृत गराई पाटन स्वास्थ्य विज्ञान राष्ट्रिय प्रतिष्ठान ललितपुरमा MBBS अध्ययनमा रहेकोमा COVID-19 Pandemic को कारणले अध्ययन अवधि लम्बिन गएको बेहोरा प्रतिष्ठानकोप.सं. २०८१।०८२ च.नं.(ङ) ११४।०४ मिति २०८१।०७।०१ को पत्रबाट लेखी आएको थियो। तोकिएको अध्ययन अवधिले उक्त तहको अध्ययन पुरा हुन नसकेकोले विलम्व हुन गएको अवधीको समेत विदा लिनुपर्ने भएकोले विलम्व हुन गएको अध्ययन अवधि मध्ये स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चार महिनाको थप बेतलवी अध्ययन विदा स्वीकृत हुने र मिति २०८१।०९।२७ गते देखि मिति २०८२।०१।०१ सम्म जम्मा ६५ दिन सञ्चित घरविदा स्वीकृत गर्न मन्त्रालयको सचिव स्तरको निर्णयानुसार प.सं. ०८१।८२।१क.प्र.च.नं. ३२१९ मिति २०८२।०३।०३ को पत्रबाट अनुरोध भई आएकोमा निज सिद्दराज भट्टको सञ्चित घर विदाबाट ६५ दिन विदा स्वीकृत गरी पाँउ भन्ने बेहोराको निवेदन मिति २०८२।०३।०५ मा यस कार्यालयमा पेश भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७६।०७७ च.नं.१६।०५।स्वास्थ्य।२०४४१(२०१) मिति २०७६।०५।१३ को पत्रबाट निज बैतडी जिल्लाको सुनर्या गाउँ पालिकामा समायोजन भइसकेको भए पनि अध्ययन विदामा रहेको कारण रमना भइसकेको अवस्था नभएकोले उक्त अवधिको विदा यस नगरपालिकाबाट स्वीकृत भएपछी बाँकी बिदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत हुने र सो बिदा स्वीकृत भएको जानकारी यस नगरपालिकामा प्राप्त भएपछि निजलाई समायोजन भएको कार्यालयमा रमाना दिई हाजिर हुन पठाउनु पर्ने हुन्छ। प्रशासन शाखा प्रमुखबाट १२५ दिन घर विदा सञ्चित रहेको उल्लेख भई आएको र मिति २०८२।०३।१७ मा नगरप्रमुख स्तरको निर्णयबाट यस विषयलाई कार्यपालिकाबाट निर्णय गर्न प्रस्ताव

३. ल्याउन अनुमति प्राप्त भएकोले माग बमोजिम जनस्वास्थ्य निरीक्षक (अधिकृत स्तर छैठौं) सिद्दराज भट्ट (कर्मचारी संकेत नं २०६०३७) को सञ्चित घरबिदा १२५ दिनबाट ६५ दिन निजको माग बमोजिम स्वीकृत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा जानकारी पठाउने निर्णय भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट निजले माग गरेको बेतलवी अध्ययन विदाको सट्टा असाधारण विदा स्वीकृत भएको विषयमा चित्त नबुझी निज रीट मार्फत उपचार प्राप्त गर्न उच्च अदालत पाटन प्रवेश गरेको र यस कार्यालयमा मिति २०८२ भाद्र ४ गतेदेखि हालसम्म हाजिर रहेको हुँदा निजले मिति २०८२/०९/११ मा निजको सरुवा भएको कार्यालयमा रमाना भई जान निवेदन माग गरेकोले निजको अध्ययन बिदा समेतको विषय जोडिएको हुँदा निजको माग बमोजिम मिति २०८२/०२/०३ देखि मिति २०८२/०४/०३ सम्म जम्मा ६० दिन निजको संचित घर बिदा र नपुग भएको १४० दिन संचित बिरामी बिदाबाट मिति २०८२/०४/०३ देखि २०८२/०५/०३ सम्म ३० दिन कट्टा गरी बिदा स्वीकृत गरी माग बमोजिम रमाना दिई पठाउने साथै निजले हाजिर भएदेखिको तलब भत्ता भुक्तानी नभएको बेहोरा समेत रमाना पत्रमा उल्लेख गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

४. यस कार्यालयको मिति २०८२/०७/१७ को सूचनाद्वारा सामुदायिक विद्यालय र बालविकास केन्द्र समेतको प्रत्येक योग्य आवेदकहरुलाई लेखापरिक्षण गर्न विद्यालय तोक्ने र लेखा परिक्षण गरेबापत मा.वि, उच्च मा.विको हकमा प्रत्येक वर्षको रु. १५ हजार, आधारभूत विद्यालयको हकमा रु.१० हजार र सामुदायिक सिकाई केन्द्रको हकमा रु.५ हजारभन्दा बढि नहुने गरी सेवा शुल्क लिन पाउने गरी सेवा शुल्क समेत निर्धारण गर्ने र कुनै आवेदक लेखापरिक्षकले निजलाई उपलब्ध विद्यालयको माथि उल्लिखित शुल्क लिएर तोकिएको समयभित्र लेखापरिक्षण नगरेमा शिक्षा शाखाबाट सूचिकृत ईच्छुक लेखापरिक्षणबाट लेखापरिक्षण गराउन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

५. यस कार्यालयले गत वर्ष २०८१।०८२ मा यसै नगरपालिका वडा नं.७ मा तुप्चे संग्राहालय निर्माणको लागि ठेक्का आव्हान गरी निर्माण कार्य गर्दै गर्दा उक्त कार्य संस्कृति पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयबाट संघीय सरकारको सशर्त अनुदानको रकम निकासा भएको बजेटबाट निर्माण व्यवसायीले वडा नं.७ को श्री सहायता सामाजिक उद्यमी महिला सहकारी संस्था लि.को स्वामित्वको जग्गामा तला थप गरी संग्रालय भवन निर्माण गरेको विषय अनुगमनको क्रममा थाहा भएको र उक्त सहकारी समेतले लागत साझेरादी नगरेको र संघीय सशर्त बजेटबाट प्राविधिक मूल्याङ्कन बमोजिमको रकम भुक्तानी गर्न नमिल्ने हुँदा भुक्तानी बाँकीमा प्रमाणित गरी राखिएको छ। वडा नं.७ का वडा अध्यक्षको समन्वयमा उक्त सहकारीबाट समेत लागत साझेरादी गराउन प्रयास भएकोमा मिति २०८२।०८।१५ को नगर कार्यपालिका वैठकबाट सो सहकारीसँग छलफल गर्न निर्देशन भए बमोजिम उक्त सहकारीसँग नगर उपप्रमुखज्यूको संयोजकत्वमा छलफल भई नगरपालिकाले उक्त कार्यको भुक्तानी दिन विनियोजित बजेट रु.११ लाख कम्तिमा २० वर्षको लागि सो सहकारीले विदुर नगरपालिकालाई नगरपालिकाले लगाएको ठेकाबाट निर्मित संरचना उपयोग मिति २०८२/०९/२३ गते नगरपालिका र सहायता सामाजिक उद्यमी महिला सहकारी संस्था र यस विदुर नगरपालिकाबिच भएको भोगाधिकार सम्बन्धि सम्झौता अनुमोदन गरी भुक्तानी दिने र बाँकी रकम भवन निर्माणको जग्गाको स्वामित्व भएको सहकारी संस्था र निर्माण व्यवसायीको आपसी सहमति बमोजिम हुने नगरपालिकासँग थप रकम दावी भुक्तानी गर्न नपाउने शर्तमा मात्र भुक्तानी दिन बाँकी रकम सम्बन्धित निर्माण व्यवसायी श्री अष्टमण्डल गौतम जे.भी.लाई विनियोजित बजेटबाट उपलब्धताको आधारमा रु.११ लाख रुपैयाँ भुक्तानी दिने र भोगाधिकार उपलब्ध भएको भवनको

५. कोठाहरु वडा नं. ७ ले आवश्यकता अनुसार उपयोग गर्ने सर्वसम्मत निर्णय गरियो। साथै बीस वर्षे भोगाधिकारको समय अगाडि सहकारी संस्थाको विघटन वा दर्ता खारेज भएमा नगरपालिकाले लगानी गरेको रकम अग्राधिकारमा फिर्ता भुक्तानी लिई मात्र बाकीं रकम प्रचलित सहकारी सम्बन्धि नियमानुसार हुने गरि रजिष्टारलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने समेत निर्णय गरियो ।

६. यस नगरपालिकाको मिति २०८२/०८/२२ गतेको सूचना अनुसार जाल्पादेवी बालुवाखानी क्षेत्र लगायतबाट ढुवानी हुने ढुङ्गा,गिटी,बालुवा,माटो र स्लेट लगायतको विधुतीय प्रणालीबाट रु.६५ लाख ७५ हजार न्युनतम अंक कायम गरी सोमा बढाबढ हुने गरी आय ठेक्का आब्हान गरिएकोमा तोकिएको म्यादभित्र सि.डि.इनोभेटिभ डिजाइन एण्ड कन्ष्ट्रक्सन प्रा.लि. काठमाडौंको रु.७४ लाख ३५ हजार ४ सय (भ्याटसहित) एउटा मात्र विधुतीय बोलपत्र दाखिला भएको र निजले कबोल गरेको अंक न्यूनतम कबोल अंक भन्दा बढी भएकोले उक्त बोलपत्र स्वीकृतको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने मिति २०८२/०९/११ को बोलपत्र मुल्याङ्कन समितिको बैठकबाट निर्णय भएकोले बोलपत्र मुल्याङ्कन समितिको सिफारिस अनुसार उक्त आय ठेक्काको बोलपत्र स्वीकृत गरी सम्बन्धित बोलपत्रदातासँग सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निणय गरियो।

७. गत वर्ष यसै नगरपालिका वडा नं.६ मा रहेको बट्टार नयाँ दर्शन मण्डली चर्चको कम्पाउण्डवाल निर्माणको लागि रु.५ लाख बजेट विनियोजन भई कम्पाउण्डवाल निर्माण भएको भए पनि उक्त चर्च भएको जग्गा व्यक्तिको नाममा दर्ता श्रेष्ता कायम भएको अभिलेखबाट देखिन आएको र चर्चको नाममा उक्त जग्गाको स्वामित्व आएपछि भुक्तानी दिने गरी नगरसभाबाट भुक्तानी दिन बाँकीमा बजेट विनियोजन भई नगरसभा अध्यक्षज्यूबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राखिएको छ। उक्त चर्च उपभोक्ता समितिको विधान अनुसार उपभोक्ता समिति दर्ता भई सोही समितिको नाममा चर्च भएको जग्गाको जग्गाधनी प्रमाण पुर्जा मालपोत कार्यालय नुवाकोटबाट मिति २०८२/०९/०१ मा प्रमाणित भएको र उक्त उपभोक्ता समितिको विधानमा उक्त चर्च उपभोक्ता समिति विघटन वा दर्ता खारेज भएमा उक्त सम्पत्ति विदुर नगरपालिकाको हुने बेहोरा समेत उल्लेख भएको हुँदा यस कार्यालयमा चर्च उपभोक्ता जग्गा धनी प्रमाण पुर्जा संलग्न गरी उपभोक्ता समितिबाट भुक्तानी माग भई आएकोले यस नगरपालिकाको विनियोजन ऐन,२०८२ को दफा ५ अनुसार गत वर्ष विनियोजित बजेट अनुमान अनुसार बजेट प्रासि, निकासा असुली हुन नसकेको कारण समेतले उक्त आयोजनाको भुक्तानी बाँकी रहेको हुँदा चालु वर्ष २०८२।०८३ मा विगतको सम्पन्न आयोजनाको भुक्तानी बाँकीमा विनियोजित बजेटबाट चर्चको कम्पाउण्डवाल निर्माणको प्राविधिक मुल्याङ्कन अनुसारको रकम रु.४ लाख ७८ हजार ५ सय ६९ मा नियमानुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी बाँकी रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

८. यस कार्यालयको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आन्तरिक र राजश्व बाँडफाँड श्रोत तर्फको सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रममा बजेट रकम रु.३ लाख रहेको हुँदा विदुर नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक कुकुरमा बन्ध्याकरण र रेबिज विरुद्धको खोप लगाउने स्वीकृत कार्यक्रम अनुसार विदुर नगरपालिका वडा नं. ३,६,७ र ८ मा संचालन गर्ने र उपलब्ध बजेटबाट खर्च धान्न सक्ने अवस्था रहेमा वडा नं.१ र ५ समेतमा उक्त कार्यक्रम सञ्चालन गर्न पशुसेवा शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

९. विदुर नगरपालिका वडा नं.१,७,८ र ९ समेट्ने गरी निर्माण भइरहेको गदीया खोला खानेपानी आयोजनाबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा प्रभावित हुने म्यागाङ गाउँपालिका वडा नं.३ आँकुरा र वडा नं.५ को केही आयोजना प्रभावित सहयोग कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले तपसिल बमोजिम कार्यक्रम सम्बन्धित गाउँपालिकाको निर्णय सहितको सहमति प्राप्त भएपछि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

क) म्यागाङ गाउँपालिका वडा नं.२ बुङताङ-सडक ढलान (रु.१० लाख)

ख) किस्पाङ,३ आँकुरा गोरेटो बाटो निर्माण (रु. ५ लाख)

ग) किस्पाङ,२ चेम्पेस्वाँरा सिँचाई पाईप सहयोग (रु. ५ लाख)

१० विविध

क) खानी तथा भूगर्भ विभागको च.नं.१२४६ मिति २०८१/०८/२८ को पत्रानुसार यस कार्यालयबाट मिति २०८१/१२/२९ मा जाल्पादेवी बालुवा खानी उधोगलाई विदुर नगरपालिका वडा नं.३ मा रहेको निजी जग्गाबाट खानी तथा भुगर्भ विभाग निर्देशन बमोजिम बालुवा उत्खनन गर्न अनुमति दिइएकोमा सम्बन्धित उधोगले पालना गर्नुपर्ने शर्तहरु पालना भए नभएको,आई.ई.ई अनुसार उत्खनन भए नभएको, खानी ऐन तथा नियमावलीले तोकेकका शर्तहरु पालना भए नभएको र अन्य सम्वद्ध विषयहरु समेतको पालना लगायत सबै क्षेत्र र पक्षमा अनुगमन गर्न यस कार्यालयमा खानी सम्बद्ध विज्ञ प्राविधिक कर्मचारी नभएकोले खानी तथा भूगर्भ विभागलाई अनुगमन गरी सुधार गर्नुपर्ने पक्षहरुमा सम्बन्धित उधोगलाई आवश्यक सुझाव निर्देशन दिन र सो को प्रतिवेदन यस नगरपालिकामा उपलब्ध गराउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) श्रोत अनुमान समितिको संयोजक श्री राजन श्रेष्ठ र राजश्व परामर्श समिति संयोजक श्री प्रभा बोगटीज्यूको संयोजकत्वमा मिति २०८२ पौष १४ गते भएको निर्णय अनुसार कार्यपालिकामा पेश हुन आएको स्रोत अनुमान र आ.व. ०८३।०८४ को अनुमान आय व्यय १ अर्व ८ करोड ७९ लाख ४३ हजार ४ सय ४७ रुपैयाँ समेतको विवरण अनुमोदन गरी नेपाल सरकार अर्थ मन्त्रालय,वागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुमानित बजेट पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) यस नगरपालिकाको नगर शिक्षा समितिका संयोजक श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०८२ कार्तिक ३० गते बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

क) अन्नपूर्ण पञ्चकन्या आ.वि. विदुर-२, मा तह घटुवा गरी बालविकास कक्षा मात्र सञ्चालनको अनुमति दिने।

ख) सुन्दरादेवी अङ्ग्रेजी आ.वि., विदुर-७ को सम्पूर्ण चल अचल सम्पति एवम् अभिलेख चण्डेश्वरी मा.वि., विदुर – ७ लाई हस्तान्तरण गरी विद्यालय समायोजन गर्ने।

ग) पृथ्वी नवप्रकाश आ.वि., विदुर-८ को सम्पूर्ण चल अचल सम्पति एवम् अभिलेख तीनधारे पिपलडाँडा मा.वि. विदुर-१२ लाई हस्तान्तरण गरी विद्यालय समायोजन गर्ने।

संसारिदेवी आ.वि., विदुर-१२ मा तह घटुवा गरी बाल विकास कक्षा मात्र सञ्चालनको अनुमति दिने।

ङ) सिंहदेवी आ.वि. विदुर-१० लाई आगामि शैक्षिक सत्र २०८३ बाट लागु हुने गरी तह घटुवा गर्ने र बालविकास देखि कक्षा ३ सम्मको मात्र सञ्चालनका लागि अनुमति दिने।

घ) प्रदेश सरकारले वडा नं.१२ मा बागेश्वरी महिला भवन निर्माणका लागि रु.९ लाख बजेट विनियोजन गरेको हुँदा वडा नं.१२ को कार्यालयबाट कित्ता नं. ८६७ को सार्वजनिक जग्गामा सो भवन निर्माणका लागि सिफारिस माग गरे बमोजिम सम्बन्धित निकायमा सिफारिस गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

ङ) मिति २०८२।०९।१४ गतेको स्थानीय भूउपगोग परिषद्को निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

च) साविक चारघरे गा.वि.स. वडा नं. ४ हाल विदुर नगरपालिका वडा नं. १२ को यदुकुमार भट्टको नाममा नाप नक्सा भएको कि.नं. ९२६ र क्षेत्रफल १-२-०-० जग्गा मध्ये ०-४-०-२ जग्गामा वेल्टारी महादेव मन्दिर निर्माण भएको हुँदा उक्त जग्गा विदुर नगरपालिकाको नाममा निशुल्क दिन जग्गा धनीले अनुरोध गरेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ ढ को सि.नं. ४ अनुसार जग्गा प्राप्त गर्ने र उक्त जग्गा प्राप्तिको लागि अमिन गंगाराम विष्टलाई प्रतिनिधी तोकी पठाउने सर्वसम्मत निर्णय गरियो।